स्थानीय सरकार

དེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས་

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: २०८२/८३

सू.नं.: ०२ (कृषि विकास शाखा)

मितिः २०८२/०४/२२ गते

**अनुदानको रासायनिक मलको स्थानीय विक्रेताको सुचिमा दर्ता प्रमाण-पत्र नविकरण गर्ने सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा यस गाउँपालिकामा नेपाल सरकारले अनुदानमा उपलब्ध गराउँदै आएको रासायनिक मलको कारोबार गर्न नियुक्ति भएका विक्रेताहरुले स्थानीय विक्रेताको सूचिमा दर्ता गरिएको प्रमाण पत्र, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड कार्यालय बनेपा र कृषि सामाग्री कम्पनी लिमिटेड शाखा कार्यालय धुलिखेलमा मल बिक्रिवितरणकों लागि लिएको डिलरसिप प्रमाण पत्रको मान्य अवधि आर्थिक वर्ष सँगै समाप्त हुने भएको हुँदा रासायनिक मल अनुदान निर्देशिका, २०७७ को परिच्छेद २ को दफा ११ (घ) बमोजिम तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २५ (पच्चिस) दिन (२०८२/०५/१५) भित्र यस हेलम्बु गाउँपालिकाको कृषि विकास शाखामा नविकरण गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

१. प्रमाणपत्र नविकरण गरि पाउँ भन्ने सम्बन्धमा निवेदन,

२. संचालन समितिको निर्णय (दर्ता प्रमाण पत्र नविकरणको लागि गाउँपालिका, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड कार्यालय बनेपा र कृषि सामाग्री कम्पनी लिमिटेड शाखा कार्यालय धुलिखेलाई अनुरोध सम्बन्धमा),

३. सहकारी दर्ता र मल विक्रेताको सूचिमा दर्ता गरिएको सक्कल प्रमाण पत्र,

४. आ.व. २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन, प्यान दर्ता प्रमाण-पत्र र करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी,

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

६. नाप तौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रणाली लगायत भौतिक पूर्वाधारको विवरण,

५. आ.व. २०८१/८२ मा बिक्रिवितरण गरिएको रासायनिक मलको सम्पूर्ण विवरण देहायको ढाँचामा।

| क्र.सं. | रासायनिक मल खरिद गरेको मिति र बिल नं. | साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट खरिद गरिएको रासायनिक मलको विवरण (बोरा) | | | कृषि सामाग्री कम्पनी लिमिटेडबाट खरिद गरिएको रासायनिक मलको विवरण (बोरा) | | |
|---|---|---|---|---|---|---|---|
| | | युरिया | डीएपी | पोटास | युरिया | डीएपी | पोटास |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |

.................. राजुभाइ श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

"हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिकाको निर्माण"

*E-mail: helambuag@gmail.com* *info@helambumun.gov.np* *Website: www.helambumun.gov.np*